मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ८ | मितिः २०७९ फाल्गुन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## मर्स्याङ्दी गाउँपालिका गाउँसभाको चौधौं अधिवेशन विशेष तस्बिरहरु


















मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ८ | मितिः २०७९ फाल्गुन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति








## मर्स्याङ्दी गाउँपालिका गाउँसभाको चौधौं अधिवेशन सम्पन्न




मिति २०७९ माघ २० गते मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशन सम्पन्न भएको थियो । उक्त अधिवेशनमा विभिन्न विधेयकहरुका साथै बजेट तथा रकमान्तर सम्बन्धी विषयहरुमा छलफल तथा पारित भएको थियो । साथै उक्त अधिवेशनमा सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरुले समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणामा सबै एक जुट हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा आर्थिक वर्ष २०७९-८० को मिति २०७९ श्रावण देखि पुष मसान्त सम्म गाउँपालिकामा भए गरेका गतिविधि तथा कार्यहरु सार्वजनिक गर्नको लागि मिति २०७९ माघ २२ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमचन्द्र अर्याल ज्यूले गाउँपालिकाको प्रगति विवरण सार्वजनिक गर्नुभएको थियो भने सो विवरणमा भए गरेका टिप्पणीको व्याख्या गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ ज्यूले गर्नुभएको थियो ।











## एक दिने कार्यशाला गोष्ठी सम्पन्न






मर्स्याङ्दी गाउँपालिकामा क्रियाशिल संघ संस्थाहरुको गतिविधि र भावी योजनाहरु बारे आयोजित "एक दिने कार्यशाला गोष्ठी" मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा मिति २०७९ माघ २४ गते सम्पन्न भएको थियो ।गोष्ठीमा मर्स्याङ्दी गाउँपालिका भित्र रहेका आमा समूह, युवा क्लब, बन समिति, गैह्र सरकारी संस्थाहरुको अध्यक्ष एवं प्रतिनिधिहरुको उल्लेख्य उपस्थिती थियो । उक्त कार्यक्रमको समापनमा पालिकाका अध्यक्ष अर्जुन गुरुङ ज्यूले गाउँपालिकामा क्रियाशिल संघ संस्थाहरुको सहयोगले नै गाउँपालिकाको स्थतिलाई सुधार गर्न सक्ने र यस्ता संस्थालाई निस्कृय हुन बाट जोगाई थप मजबुत र क्रियाशिल बनाउदै लैजानुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।



Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

विविध क्रियाकलाप मर्स्याङ्दी बुलेटीन
वर्षः १ अङ्कः ८ मितिः २०७९ फाल्गुन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः प्रेमचन्द्र अर्याल प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## भक्ति थापाको जन्मस्थललाई ऐतिहासिक तथा पर्यटकीय स्थल बनाइने

मर्स्याङ्दी गाउँपालिकाले राष्ट्रिय विभूति भक्ति थापाको जन्मस्थललाई ऐतिहासिक एवं पर्यटकीय स्थलका रूपमा विकास गर्ने भएको छ। लमजुङको मर्स्याङ्दी गाउँपालिकाले राष्ट्रिय विभूति भक्ति थापाको जन्मस्थललाई ऐतिहासिक एवं पर्यटकीय स्थलका रूपमा विकास गर्ने भएको छ। स्र्याङदी गाउँपालिका वडा नं. ३ ढगैबेसीमा भक्ती थापा स्मृति केन्द्र तथा पार्क निमार्ण गरिने भएको छ । पर्यटन प्रवर्द्धन सँगै ऐतिहासिक स्थलको संरक्षणमा लागि परेको मर्स्याङदी गाउँपालिकाले राष्ट्रिय विभूति भक्ति थापाको जन्म स्थललाई एतिहासिक स्थलको रुपमा विकास गर्ने भएको हो । नेपाल एकिकरण अभियानका सरदार भक्ति थापाको योगदानलाई सदा सम्मान र कदर गर्दै थापाको विरतालाई आगामी पुस्तामाझ जिवीत राख्न गाउँपालिकाले स्मृति केन्द्र तथा पार्क निमार्ण गर्ने योजना बनाएको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले वताउनुभयो । गाउँपालिकाले उक्त स्थलको संरक्षण विकासलागि 'राष्ट्रिय विभुती भक्ती थापा जन्म स्थल स्मृति केन्द्रको नयाँ कार्यसमिति गठन गरेको छ । गाउँपालिका अध्यक्ष गुरुङको प्रमुख आतिथ्यतामा ढगैंबेसीमा शनिवार भएको स्थानीयहरुको भेलाले प्रेम बहादुर वस्नेतको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो । १५ सदस्यीय समितिको उपाध्यक्षमा हेमवहादुर तामाङ, सचिव तिर्थ







वस्नेत, कोषाध्यक्ष हिरादेवी घले र सहसचिव मेकराम तामाङ रहनुभएको छ । सदस्यहरुमा रवि थापा, चन्द्रकला भण्डारी खत्री, देवन्द्र राज भण्डारी, नन्दराज तामाङ, नारायण थापा, चिजा नेपाली, रामवहादुर थापा, गम वहादुर खत्री, रत्न कुमारी गुरुङ र मुनादेवी गुरुङ रहनुभएको छ । यसैगरी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ संयोजक रहने गरी सात सदस्यीय सल्लाहाकार समिति गठन भएको छ । समितिमा बम वहादुर थापा, जीतवहादुर थापा, महेन्द्र थापा, दुधमान तामाङ, अमृता पोखरेल र हर्कवहादुर थापा रहनुभएको छ । विभिन्न संरचना सहित भक्ति थापा स्मृति केन्द्र तथा पार्क निमार्णको लागि गाउँपालिकाले गत वर्ष नै डिपिआर निमार्ण गरिसकेको छ । पालिकाले चालु वर्ष स्मृती केन्द्रको लागि ५ लाख वजेट विनियोजन गरेको । उक्त बजेटबाट खानेपानी शौचालय निमार्णको योजना रहेको छ । स्मृति केन्द्र र पार्क निमार्ण लागि ठुलो रकम चाहिने हुदाँ संघ तथा प्रदेश सरकारसँग माग गर्ने गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो ।

## कक्षा ८ को परिक्षा व्यवस्थापनको लागि IEMIS तालिम सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा मिति २०७९ माघ २९ गते कक्षा ८ को परिक्षा व्यवस्थापनको लागि आवश्यक पर्ने IEMIS सम्बन्धी तालिम सम्पन्न भएको थियो। उक्त तालिमबाट अब कक्षा ८ को अन्तिम परिक्षा सम्बन्धी गतिविधि IEMIS बाट सम्पन्न गर्ने र सोहि मार्फत परिक्षफल सार्वजनिक गर्ने व्यवस्थापन मिलाउनको लागि उक्त तालिम सञ्चालन भएको व्यहोरा गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्री राजीव सुवर्णकार ज्यूले बताउनु भएको थियो ।








## समिक्षा कार्यक्रम सम्पन्न

मिति २०७९ माघ १३ गते शुक्रबार मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७९-८० को अर्धवार्षिक समिक्षा कार्यक्रम गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सम्पूर्ण शाखाका शाखा प्रमुखहरुले आ-आफ्नो शाखाबाट भए गरेका कार्यहरुको विवरण पेश गर्नुभएको थियो भने उक्त कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण कार्यापालिकाका सदस्य तथा शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।










Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी बुलेटीन

वर्षः १ | अङ्कः ८ | मितिः २०७९ फाल्गुन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी गाउँपालिका वडा नं ५ को कार्यालयको भवन उद्घाटन कार्यक्रम सम्पन्न






मिति २०७९ माघ ४ गते यस गाउँपालिका वडा नं ५ को कार्यालय भवनको उद्घाटन यस गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ ज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रमको अध्यक्षता वडा नं ५ का वडा अध्यक्ष श्री घनश्याम घले ज्यूले गर्नभएको थियो । गाउँपालिकाको बजेट बाट निर्माण भएको उक्त भवनले वडा नं ५ बासी जनसमुदायलाई सेवाको गुणस्तर बढाउनमा उल्लेखीय टेवा पुर्‍याउने कुरामा विश्वस्थ भएको व्यहोरा समेत गाउँपालिका अध्यक्ष गुरुङ ज्यूले जानकारी गराउनुभयो । साथै सेवाप्रवाहका क्षेत्रमा गाउँपालिकाले कुनै कसर बाँकी नराखे गरी कार्य गरिरहेको र गरिरहने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो भने उक्त कार्यक्रमको सहजिकरण वडा सचिव श्री केशवराज ढकाल ज्यूले गर्नुभएको थियो ।






## एक दिने शैक्षिक कार्यशाला गोष्ठी सम्पन्न

मिति २०७९/१०/१० गतेका दिन मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा बसेको जनप्रतिनिधि, प्र .अ. र वि.व्य.स. अध्यक्ष वीच भएको १ दिने शैक्षिक कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा गाउँपालिकामा अवका दिनमा शिक्षाको क्षेत्रमा कसरी अगाडी बढाउन सकिन्छ र कसरी हाम्रो शैक्षिक प्रशासनलाई अहिलेको अवस्था भन्दा बढी प्रभावकारी रुपमा लैजान सकिन्छ भन्ने बारेमा छलफल भएको थियो भने जनप्रतिनिधिहरुले पनि योजनाबद्ध रुपमा अगाडी बढाउन सके मात्र शिक्षाका उद्देश्य प्राप्त गर्न सकिने कुरामा जोड दिनुभएको थियो । शिक्षामा गरेको लगानी लामो समयपछि मात्रै प्रतिफल प्राप्त हुने हुँदा





भर्खरै भौतिक विकास जस्तो छिट्टै परिवर्तन देखा नपर्ने कुरामा जोड दिनुभएको थियो । ३ वटा समिति बनाई छलफल भएको उक्त गोष्ठीमा धेरै सुझावहरु आएको र उक्त सुझावलाई अबका योजना तथा बजेट मार्फत कार्यान्वयनमा लैजाने कुरामा अध्यक्षज्यूले प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो ।





## हात्तीपाइले रोग निवारण सम्बन्धी कार्यक्रम सम्पन्नः





मर्स्याङ्दी गा.पा स्वास्थ्य शाखाको आयोनामा मिति २०७९/१०/२३ गते हात्तिपाईले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम अन्तर्गत पालिका स्तरिय बहुनिकाय गोष्ठी कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरूङ ज्युको अध्यक्षतामा सम्पन्न भएको थियो । साथै मिति २०७९/१०/२५ गते स्वास्थ्यकर्मीहरूको लागि पहिलो लट तालिम समेत सम्पन्न भएको थियो ।



## मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ



Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal